बैठक संख्या : ९६ स्थान : राप्ती नगरपालिका

मिती : २०७८।०८।२० गते साझ : ४ बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान मालती माया लामा

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती सुन बहादुर प्रजा

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री बुद्धिराज थपलिया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

प्रशासकीय अधिकृत शारदा देवी शर्मा

ई-श्री सन्दिप ओझा

क.अ. श्री रमेश चौधरी

बैठक संख्या : ९६

मिति : २०७८।०८।२०

प्रश्तावहरु

१. गत बैठकको कार्यान्वयन समिक्षा सम्बन्धमा ।
२. नागरिक सुरक्षा आवास कार्यान्वयन सम्बन्धमा ।
३. आर्थिक सहयोगको अनुमोदन तथा आर्थिक सहयोग सम्बन्धमा ।
४. योजना संशोधन सम्बन्धमा ।
५. महिला स्वयंसेविका लाई साईकल र मोबाइल तथा उमेर हदले अवकास पाँचजनालाई जनही रु. एक लाख प्रदान सम्बन्धमा ।
६. फोटो सहितको मतदाता नामावली संकलन सम्बन्धमा ।
७. चितवन राष्ट्रिय निकुन्जबाट कुनै प्रतिक्रिया र सुझाव प्राप्त नभएकोले लोथर खोलामा नदीजन्य पदार्थको उत्खनन ठेक्कामा गराएकोमा सोको अनुमोदन सम्बन्धमा ।
८. दशौं नगर सभा २०७८ पौष ६ गते देखि सुरु गर्ने सम्बन्धमा ।
९. २०७८।०८।२९ गते आ.व. २०७७।०७८ को सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने सम्बन्धमा ।
१०. राप्ती नगरपालिका चितवनको कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा
११. कमिनचुली सहकारी संस्थालाई गाडी खरिद गर्न सहयोग सम्बन्धमा ।
१२. गणक र सुपरिवेक्षकलाई यातायात खर्च प्रदान सम्बन्धमा ।
१३. एकिकृत बस्ती निर्माण सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं १**

प्रश्ताव नं १ मा छलफल हुदा गत बैठकका सबै निर्णय पूर्ण कार्यान्वयन भएको समिक्षा गरियो ।

**निर्णय नं २**

प्रश्ताव नं २ मा बिस्तृत छलफल गर्दा संझौता भई वैंकमा खाता खोलेका सबै नागरिक सुरक्षा आवास कार्यक्रमका लाभग्राहीको खातामा हाल प्राप्त बजेट अनुसार दामासाहीले रु. १८०००। खातामा जम्मा गरिदिने र सोको दुरुपयोग हुन नसक्ने गरी वडा र प्राबिधिकबाट अनुगमन तथा मुल्यांकन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रश्ताव नं ३ मा बिस्तृत छलफल गर्दा आर्थिक सामाजिक समस्याले अति विपन्न भई स्वास्थ्य उपचार, आगोलागि तथा अन्य विपत परि आर्थिक सहयोगको लागि वडाबाट सिफारिस भई आएका र नगरबाट प्रदान गरिएको आर्थिक सहयोगको अनुमोदन गर्दै हालै परेवाकोटको को घरमा भएको आगोलागिमा दुई जना वालकको दुखद मृत्यू भएको र सम्पूर्ण घरजली नष्ट भएकोले घर निर्माण गर्न सम्बन्धित शिर्षकबाट रु. १ लाख र मामा घर आइ मृत्यु भएको बालकको परिवारलाई रु.२५०००। सहयोग गर्ने निर्णय गरियो ।

बैठक संख्या : ९६

मिति : २०७८।०८।२०

**निर्णय नं ४**

प्रश्ताव नं ४ मा छलफलहुदा प्रारम्भिक वाल शिक्षक तथा विद्यालय कर्मचारीहरुलाई संघीय सरकारले तोके बमोजिमको न्यूनतम तलब रु.१५००० । प्रदान गर्न थप बजेटको व्यवस्था नगरिएकोले कोरोना रोकथामको लागि रहेको रु. १००००००० एक करोड बाट रु ५० लाख रकमान्तर गरि दोश्रो त्रैमासिक सम्मको नियमानुसारको तलव रकम भुक्तानी गर्ने र यस पछाडी वचतहुने र अन्य कुनै शिर्षक बाट रकमान्तर गरी वाकी तलव भत्ताको व्यवस्था गर्ने निर्णय गरियो । अति आवस्यक भई वडाबाट संशोधन माग भई आएका निम्न योजना संशोधन गरी सभामा अनुमोदन गर्न पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | साविक योजनाको नाम | बजेट रु. | संशोधित योजनाको नाम | वडा नं | बजेट रु. |
|---|---|---|---|---|---|
| १ | कोभिड व्यवस्थापन | १००००००० | पूर्व प्राथमिक शिक्षक र कर्मचारीको तलब भत्ता | | ५०००००० |
| २ | ल्यापटप तथा अन्य मेसिनरी सामान खरिद | २००००० | फर्निचर खरिद | १३ | २००००० |
| ३ | भैपरि तथा कार्यालय सञ्चालन | | | ५ | ५००००० |
| | | | | | |

**निर्णय नं ५**

प्रश्ताव ५ मा छलफल गर्दा स्वयसेविकालाई बजेटमा साईकल दिने भनिएकोमा पहाडमा साईकल प्रयोग नहुने भएकोले पहाडमा काम गर्ने वडा नं. १०,११,१२ र १३ का स्वयंसेविकाहरुको माग वमोजिम मोबाइल प्रदान गर्ने, उमेर हदको कारण अवकास भएका ५ जना स्वयंसेविकाहरुलाई जनही रु. १ लाखका दरले जम्मा रु ५ लाख कुनै मिल्दो आन्तरिक स्रोतबाट प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

जिल्ला निर्बाचन कार्यालयबाट प्राप्त मतदाता नामावली अपडेट गर्न नगरले गर्नुपर्ने सम्पूर्ण सहयोग प्रदान गर्ने निर्णय गर्दै सबै राजनैतिक दल समेतको सहभागितामा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

लोथर खोलाको नदीजन्य पदार्थ उत्खनन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागको स्वीकृती प्राप्त भए बमोजिम प्रार्रम्भिक वातावरणीय परीक्षण तयार गरी प्रतिक्रियाको लागि चितवन राष्ट्रिय निकुञ्जमा पठाएकोमा कुनै प्रतिक्रिया प्राप्त नभएकोले कार्यपालिकाले स्वीकृत गरे बमोजिम ठेक्का आव्हान गरी नदीजन्य पदार्थ उत्खननको सूचना प्रकासन गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

बैठक संख्या : ९६

मिति : २०७८।०८।२०

**निर्णय नं ८**

प्रशताव नं ८ बमोजमि दशौ नगर सभा २०७८।०९।०६गते विहान ८ बजे राप्ती नगरपालिकाको नगरसभा हलमा सुरु गर्न सम्पूर्ण व्यवस्थापन राप्ती न.पा. वडा नं. १,२ र ३ का वडा अध्यक्ष र कार्यपालिका सदस्य कविता राईलाई जिम्मावारी दिने निर्णय गरियो ।

**निर्णय नं ९**

प्रशताव नं ९ मा छलफलहुदा २०७८।०८।२९ गते आ.व.२०७७।७८ को सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. ५ को परिषरमा विहान ८ बजे संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रशताव नं १० मा छलफल गर्दा शिक्षा शाखाबाट पेश भएको कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

प्रशताव नं १० मा छलफल गर्दा कमिनचुली सहकारी संस्थालाई गाडी खरिद गर्न वडा नं १०,११, १२ र नगर प्रत्यकले रु. २ लाख ४० हजार सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं १२**

प्रशताव नं १२ मा छलफल हुँदा विकट भौगोलिक अवस्थाका कारण थप सुबिधा नभै फिल्डमा जान कठीन मानेका तर तथ्याङ्क कार्यालयबाट थप सुबिधा प्रदान गर्ने व्यवस्था नभएकोले वडा नं १२ र १३ मा राष्ट्रिय जनगणनामा खटिएका सुपरिवेक्षक र गणकहरुलाई गणना गरेको अवधिको प्रतिदिन जनही रु.३०० का दरले यातायात खर्च प्रदान गरी राष्ट्रिय जनगणना कार्य सफल बनाउने निर्णय गरियो ।

**निर्णय नं १३**

प्रशताव नं १३ मा छलफल हुँदा राप्ती नगरपालिका वडा नं. ५ मा एकिकृत बस्ती निर्माण गर्ने प्रयोजनार्थ संघीय सरकारबाट रु २५ लाख बजेट प्राप्त भएकोले उक्त बस्ती निर्माणको लागि उपयुक्त स्थान जुवाखोला चौर छनौट गर्ने र पछी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।